# यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता

कार्यस्थलमा हुन सक्ने यौनजन्य दुर्व्यवहारबाट पीडित सेवाग्राहीहरूलाई संरक्षण गरी कार्यालयको वातावरण सुरक्षित, स्वच्छ, मर्यादित र लैङ्गिक मैत्री बनाउन कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को दफा २१ को आधारमा धनकुटा नगरपालिकाले यो आचार संहिता बनाई लागु गरेको छ ।

१. कार्यालय तथा कार्यस्थलमा लैङ्गिक हिंसा हुने, देखिने प्रकारको कुनै काम, व्यवहार गर्ने छैनौं,
२. लैङ्गिक तथा जातीय, पदीय विभेदपूर्ण शब्दको प्रयोग र अस्वाभाविक व्यवहार गर्ने छैनौं,
३. जनप्रतिनिधि र कर्मचारीले सेवा प्रवाह गर्दा र सेवाग्राहीले सेवा ग्रहण गर्दा लैङ्गिक हिंसा हुने किसिमको वातावरण सृजना हुन दिने छैनौं,
४. कार्यस्थलको वातावरण स्वच्छ सुरक्षित, पारदर्शी, निष्पक्ष र लैङ्गिक हिंसा मुक्त बनाउनेछौं,
५. लैङ्गिक दुर्व्यवहार सामाजिक रूपमा अमानवीय र कानुनी रूपमा दण्डनीय भएकाले यसलाई हामी सबैले पालना गर्नेछौं,
६. कार्यस्थलमा कसैले कसैलाई दुर्व्यवहार गरेमा सम्बन्धित जिम्मेवार व्यक्तिलाई जानकारी गराउनेछौं र शुन्य सहनशीलताको नीतिलाई अवलम्वन गर्नेछौं,
७. लैङ्गिक हिंसाका विरुद्ध सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गर्नेछौं,
८. ज्येष्ठ नागरिक, यौनिक तथा अल्पसंख्यक, महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिप्रति सम्मानजनक र सकारात्मक शब्द प्रयोग गर्नेछौं,
९. पीडितलाई न्याय दिने हिसाबले नीतिगत, सामाजिक, कानूनी, आर्थिक र सुरक्षाका आवश्यक प्रबन्ध गर्नेछौं,
१०. लैङ्गिक हिंसाको दृष्टिले सुरक्षित पूर्वाधार निर्माण गर्न प्रतिबद्ध छौं,
११. कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार भएमा प्रचलित कानून बमोजिम कारवाही भोग्न तयार छौं ।

**धनकुटा नगरपालिका**
**धनकुटा**